नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालयको

सूचना

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५०, संख्या ४२, मिति २०५७।१०।२३, खण्ड ५३, संख्या २०, मिति २०६०।५।८, खण्ड ५३ संख्या ३१, मिति २०६०।८।१ र खण्ड ५४, संख्या १६, मिति २०६१।११।२४ को नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशन गरी गुणस्तर निर्धारण गरिएका खाद्य पदार्थमा देहायका खाद्य पदार्थहरु थप गरी ती खाद्य पदार्थको गुणस्तर देहाय वमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

(१) सूचनाको प्रकरण ०१ को दुध तथा दुग्ध पदार्थहरु (Milk and Milk Products) को संकेत नम्बर ०१.१६ को क्रम संख्या ३ को सट्टा देहायको क्रम संख्या ३ राखिएको छ :-

"३. प्रोटिन (Protein)

(चिल्लो पदार्थ रहित दुग्ध ठोस पदार्थमा) ३४.० प्रतिशतमा नघटेको।"

(२) सूचनाको प्रकरण ०१ को दुध तथा दुग्ध पदार्थहरु (Milk and Milk Products) को संकेत नम्बर ०१.१७ को क्रम संख्या ३ को सट्टा देहायको क्रम संख्या ३ राखिएको छ :-

"३. प्रोटिन (Protein)

(चिल्लो पदार्थ रहित दुग्ध ठोस पदार्थमा) ३४.० प्रतिशतमा नघटेको।"



१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सूचनाको प्रकरण ०१ को दुध तथा दुग्ध पदार्थहरु (Milk and Milk Products) को संकेत नम्बर ०१.१७ पछि देहायको संकेत नम्बर ०१.१८ थपिएको छ :-

"०१.१८ <u>पनीर/छेना (Paneer) :</u>

"पनीर/छेना" भन्नाले स्वस्थ्य गाई वा भैंसी वा दुवैको दुधलाई निरोगन (Pasteurization) प्रक्रिया पूरा गरी अमिलो दुध, ल्याक्टिक एसिड (Lactic Acid) वा साईट्रिक एसिड (Citric Acid) द्वारा प्रेसिपिटेशन (Precipitation) गरी बनाएको ठोस पदार्थलाई सम्झनु पर्छ। यो धूलो दूध (Milk Powder) को प्रयोग गरेर पनि बनाउन सकिनेछ। यसमा च्यान्सीड दुर्गन्ध भएको वा ढुसी परेको तथा वाहिरी रङ्ग र अन्य पदार्थ मिसाईएको हुनु हुदैन। यो देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्छ :-

(क) जलांश (Moisture) - ७०.० प्रतिशतमा नबढेको।

(ख) दूधको चिल्लो पदार्थ (Milk Fat) -५०.० प्रतिशतमा नघटेको। (सुख्खा तौलको आधारमा)

<u>परिभाषा:</u>

पनीर/छेनाको निरोगन (Pasteurization) प्रक्रिया संकेत नम्बर ०१.०५, ०१.११, ०१.१२ र ०१.१३ बमोजिम नै हुनेछ।"

(४) सूचनाको प्रकरण ०२ को तेल तथा घिउ (fats and oil) को संकेत नम्बर ०२.१५ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-



३१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) रिफ्राक्टिभ इन्डेक्स (Refractive Index) –
४०° सेन्टिग्रेडमा १.४५८० भन्दा कम हुनु हुदैन।"

(५) **सूचनाको प्रकरण ०४ को मसला पदार्थ** (Spices and condiments) को संकेत नम्वर ०४.२० पछि देहायका संकेत नम्बर ०४.२१ र ०४.२२ थपिएका छन् :-

**"०४.२१ धुलो दालचिनी (Cinnamon Powder):**

"धुलो दालचिनी" भन्नाले सिनामोमम् जेलानिकम ब्लूम (*Cinnamomum zeylanicum* Blume) जातको बोटको सुकेको भित्री वोक्रालाई पिँधेर बनाएको धुलोलाई सम्झनु पर्छ। यसमा कुनै वाह्य रंग नमिसाइएको एवं देहाय बमोजिमको गुणस्तर परिधि अनुसारको हुनु पर्नेछ :-

| | |
|---|---|
| १. जलांश(Moisture) | – **१२.० प्रतिशतमा नबढेको (तौलको आधारमा)।** |
| २. कुल भष्म (Total Ash) | – **८.० प्रतिशतमा नबढेको (तौलको आधारमा)।** |
| ३. **डाइल्युट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म** (Ash Insoluble in Dilute HCl) | – **१.० प्रतिशतमा नबढेको (तौलको आधारमा)।** |
| ४.**वाष्पशील तेल** (Volatile Oil) | – **०.५ प्रतिशतमा नघटेको** (आयतन तौलको आधारमा)। |



५९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ०४.२२ सग्लो सुप वा सोंप वा सौफ (Fennel) :

"सग्लो सुप वा सोंप वा सौफ" भन्नाले फोनिकलम भल्गेरी मिल *(Foeiniculum vulgare Mill)* जातको सुकेको बीउलाई सम्झनु पर्छ। यसमा सुपको स्वभाविक वास्ना हुनुका साथै किरा र मुसाको फोहोरवाट मुक्त भएको हुनु पर्दछ। यसमा स्वास्थ्यलाई हानी गर्ने कुनै पनि तत्वहरु नभएको साथै वाहिरी वासना र गन्ध मिसिएको हुनु हुँदैन र देहाय वमोजिमको गुणस्तर परिधि अनुसारको हुनु पर्छ :-

(क) जलांश (Moisture ) - १२.० प्रतिशतमा नबढेको ( तौलको आधारमा )

(ख) कूल भष्म (Total Ash ) - १०.० प्रतिशतमा नबढेको ( सुख्खा तौलको आधारमा )

(ग) एसिडमा नघुल्ने भष्म (Acid Insolube in Dilute HCl) -२.० प्रतिशतमा नबढेको (सुख्खा तौलको आधारमा)

(घ) उडनसिल तेल(Volatile Oil)-१.० प्रतिशतमा नघटेको (सुख्खा आयतन/तौलको आधारमा)

(ङ) वाह्य पदार्थ (Extraneous Matter ) - २.० प्रतिशतमा नबढेको।

(च) क्षति ग्रस्त दाना (Defective Seeds) - ५.० प्रतिशतमा नबढेको ।



३९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) अन्य खान योग्य दाना (Other Edible Grains) - अनुपस्थित।

(ज) किराले खाएको दाना (Insect Damage Grain ) - १.० प्रतिशतमा नबढेको।

(झ) साल्मोनेला (Salmonella ) - २५.० ग्राममा अनुपस्थित"

(६) सूचनाको प्रकरण ०५ को चिया कफी, कोका तथा सोबाट बनेको पदार्थहरु (Tea, Coffee, Cocca and Their Products) को संकेत नम्बर ०५.२ पछि देहायको संकेत नम्बर ०५.०३ थपिएको छ :-

ग) एसिडमा नघुल्ने भष्म (Acid Insolu

"०५.०३ ग्रीन टी **(GreenTea):**

"ग्रीन टी" भन्नाले कमेलिया साइनेन्सिस् एल (*Camellia sinensis* L.) जातको बिरुवाको पात, पालुवा, कलिला डाूठबाट मात्र तयार गरिएको र पेय पदार्थको लागि उपयोगी चियालाई सम्झनु पर्छ। कमेलिया साइनेन्सिस् जातको विरुवाको पात, पालुवा, कलिला डाूठलाई इन्जायम निस्क्रिय (Enzyme- inactivation) गरी रोलिंग वा टुक्रा गरे पश्चात् सुकाएर तयार गरिएको हुनु पर्नेछ । यसमा चियाको विशिष्ट प्रकारको वासना भएको हुनु पर्नेछ। यो जिउूदो वा मरेका किराहरु र यसका टुक्राहरु, ढुसी, मुसाजन्य लगायतका फोहरजन्य पदार्थहरु रहित हुनु पर्दछ, साथै अन्य कुनै पनि किसिमका बाह्य पदार्थ, बाह्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रंग तथा हानिकारक वस्तुहरु रहित हुनु पर्दछ। चिया प्रशोधनको क्रममा विकसित प्राकृतिक सुगन्ध र प्राकृतिक जन्य सुगन्धित पदार्थ (Natural flavouring material) हरु चियामा हुन सक्नेछन्। ग्रिन टि देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्नेछ :-

(क) सम्पूर्ण भष्म (Total ash) - ४.० देखि ८.० प्रतिशत सम्म

(ख) उमालेको पानीमा घुलित कुल भष्म (Water soluble ash) - सम्पूर्ण भष्मको ४५.० प्रतिशतमा नघटेको।

(ग) हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म (Ash insoluble in dilute HCl) - १.० प्रतिशतमा नबढेको (सुख्खा तौलको आधारमा)

(घ) उद्धृत तत्व (Water extract) - ३२.० प्रतिशतमा नघटेको।

(ङ) घुलनशील भष्मको क्षारीय गुण (Alkalinity of soluble ash) - १.० देखि ३.० प्रतिशतसम्म।

(च) क्रुड फाइवर (Crude Fiber) - १६.०प्रतिशतमा नबढेको।

(छ) क्याटाचिन (Catechin) - ९.० देखि १९.० प्रतिशतसम्म।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) केफिन (Caffeine) – २.० प्रतिशतमा नघटेको ।

**जीवनाशक विषादीको अवशेष देहायका परिमाण भन्दा नवढेको हुनु पर्नेछ :-**

क्लोरपाइरिफोस ( Chlorpyrifos ) – २.० मिलिग्राम प्रति किलोग्राममा नवढेको

क्लोरपाइरिफोस मिथाइल ( Chlorpyrifos - Methyl) – ०.१ मिलिग्राम प्रति किलोग्राममा नवढेको

साइपरमेथ्रिन (Cypermethrin) – २.० मिलिग्राम प्रति किलोग्राममा नवढेको

डेल्टामेथ्रिन (Deltamethrin) – ५.० मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

डाइकोफल (Dicofol) – ५० मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

इण्डोसल्फान ( Endosulphan) – ५० मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

मेथिडाथियन (Methidathion) – ०.५ मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

पाराक्वाट (Paraquat) – ०.२ मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

परमेथ्रिन ( Permethrin) – २० मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

प्रोपारजाइट (Propargite) – ५.० मिलिग्राम प्रति किलोग्राममा नवढेको ।

**द्रष्टव्य:-**

(१) "ग्रीन टी" को लेवलमा खाद्य नियमावली अनुरुप आवश्यक विवरणहरु उल्लेख भएको हुनु पर्नेछ। "ग्रीन टी" मा अन्य कुनै सुगन्ध समिश्रण गरिएमा सोको विवरण लेवलमा स्पष्ट रुपले खुलाएको हुनु पर्दछ।



२८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रयोगशाला विश्लेषण कार्यका लागि ग्रिन टि को नमूना ओभनमा १०३±२ डिग्रि सेन्टिग्रेड तापक्रममा तताइ सुकाएर प्रयोग गर्नु पर्नेछ।"

(७) सूचनाको प्रकरण ०७ को खाद्यान्न, दलहन तथा सोबाट बनेका पदार्थहरु (Cereal, Rules and their Products) को संकेत नम्बर ०७.०१ को सट्टा देहायको संकेत नम्बर ०७.०१ राखिएको छ :-

"०७.०१ खाद्यान्न (Food Grain) (१) वाह्य पदार्थ (Foreign matters) (क) अजैविक पदार्थ (Inorganic Matters) (बालुवा, ढुंगा, धुला, माटो इत्यादि) धानमा ३.० प्रतिशत र अन्य खाद्यान्नमा १.० प्रतिशतमा नबढेको। (ख) जैविक पदार्थ (Organic Matters) (भूस, चोकर, पराल, अखाद्य दाना, तेलहन र अन्य दाना) ०.३ प्रतिशतमा नबढेको।"

(८) सूचनाको प्रकरण ०७ खाद्यान्न, दलहन तथा सोवाट बनेको पदार्थहरु (Cereal, Pulse and their Products) को संकेत नम्बर ०७.१९ पछि देहायको संकेत नम्बर ०७.२०, ०७.२१, ०७.२२, ०७.२३, ०७.२४ थपिएका छन् :-

"०७.२० गहू

"गहू" भन्नाले पूर्ण रुपले विकसित ट्रिटिकम एस्टिभम लिन., ट्रिटिकम भुल्गारे भिल, ट्रिटिकम डुरम डेस्फ., ट्रिटिकम स्फाइर्कोकम पर्क., ट्रिटिकम डाइकोकम स्कुवल् वा ट्रिटिकम कम्पाक्टम होस्ट. ( *Triticum aestivum* Linn., *Triticum vulgare* Vill., *Triticum durum* Desf., *Triticum*



३९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*sphaercoccum* perc., *Triticum dicoccum* schubl, or *Triticum compactum* Host.) जातका वनस्पतिबाट फलेको सग्लो गेडालाई सम्भनु पर्छ। यो सुख्खा, सफा र सग्लो भई रंगमा एकरुपता भएको, ढुसी, किरा नलागेको, कृत्रिम रंग तथा हानिकारक पदार्थ रहित भई देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्नेछ :–

(क) जलांश (Moisture) – १४.० प्रतिशतमा नबढेको (तौलको आधारमा)

(ख) बाह्य पदार्थ (Foreign Matter)

(१) जैविक पदार्थ (Organic Matter)

अ) फिल्थ (Filth) (मरेको किरा, रौं, फोहोर आदि) –०.१० प्रतिशतमा नबढेको (तौलको आधारमा)

आ) अन्य जैविक पदार्थ (Other Organic Matter) – १.५० प्रतिशतमा नबढेको (तौलको आधारमा)

(२) अजैविक पदार्थ (Inorganic Matter) – ०.५ प्रतिशतमा नबढेको (तौलको आधारमा)

(ग) अन्य खान योग्य दाना (Other Edible Grains) –६.० प्रतिशतमा नबढेको (तौलको आधारमा)

(घ) क्षतिग्रस्त दाना (Damaged Grains) - ३.० प्रतिशतमा नबढेको (तौलको आधारमा)

(ङ) किराले क्षति पु-याएको दाना (Insect Damaged Grains) - ७.० प्रतिशतमा नबढेको संख्याको आधारमा)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) यूरिक एसिड -१०० मिलि ग्राम प्रति के.जि.मा
(Uric Acid) नबढेको

(छ) माईकोटक्सिन -२० माईक्रोग्राम प्रति
(Mycotoxin) किलोग्राममा नबढेको

उपर्युक्त अनुसार भएर पनि उल्लिखित बाह्य पदार्थ, अन्य खाँन योग्य दाना र क्षतिग्रस्त दानाको कूल प्रतिशत ११.० भन्दा बढी हुनु हुँदैन ।

## ०७.२१ मकै :

"मकै" भन्नाले पूर्ण रुपले विकसित जी मेज लिन ( *Zea mays* Linn.) जातका वनस्पतिबाट फलेको सग्लो गेडालाई सम्झनु पर्छ । यो सुख्खा, सफा, कडा र सग्लो भई रंगमा एकरुपता भएको, ढुसी, किरा नलागेको, कृतिम रंग तथा हानिकारक पदार्थ रहित भई देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्नेछ :–

(क) जलांश - १४.० प्रतिशतमा नबढेको
(Moisture) (तौलको आधारमा)

(ख) बाह्य पदार्थ
(Foreign Matters)

(१) जैविक पदार्थ
(Organic Matter)

अ) फिल्थ (Filth) -०.१० प्रतिशतमा नबढेको
(मरेको किरा, रौं,फोहोर आदी)
(तौलको आधारमा)



• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आ) अन्य जैविक पदार्थ -१.५० प्रतिशतमा नबढेको (Other Organic Matters) (तौलको आधारमा)

(२) अजैविक पदार्थ -०.५० प्रतिशतमा नबढेको (Inorganic Matter)(तौलको आधारमा)

(ग) अन्य खान योग्य दाना - २.० प्रतिशतमा नबढेको (Other Edible Grains)(तौलको आधारमा)

(घ) क्षति ग्रस्त दाना - ३.० प्रतिशतमा नबढेको (Damaged Grains) (तौलको आधारमा)

(ङ) किराले क्षति पु-याएको दाना - ५.० प्रतिशतमा नबढेको (Insect Damaged Grains) (संख्याको आधारमा)

(च) यूरिक एसिड - १०० मिलि ग्राम प्रति (Uric Acid) के.जि.मा नबढेको

(छ) माईकोटक्सिन - २० माईक्रोग्राम प्रति (Mycotoxin) किलोग्राममा नबढेको

उपर्युक्त अनुसार भएर पनि उल्लेखित बाह्य पदार्थ, अन्य खान योग्य दाना, र क्षतिग्रस्त दानाको कूल प्रतिशत ७.० भन्दा बढी हुनुहुँदैन ।

द्रष्टव्य : संकेत नम्बर ०७.०१ समेतलाई तोकिएको जीव नाशक विषादीको अवशेषको Maximum Residue Limit गहूं र मकैको लागि समेत लागू हुनेछ ।



६६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिभाषा:

(क) "अन्य जैविक पदार्थ" भन्नाले बाह्य दानाहरु, बोक्रा, खोस्टा, परालका टुक्रा आदिलाई सम्झनु पर्छ ।

(ख) वाह्य पदार्थ, जैविक पदार्थ अजैविक पदार्थ, अन्य खान योग्य दाना, क्षतिग्रस्त दानाको परिभाषा संकेत नम्बर ०७.०१७ को अन्त्यमा गरिए बमोजिम नै हुनेछ ।

**०७.२२ पौष्टिक तत्व स्तरोन्नति (Fortified) गरिएको गहुँको मैदा र पिठो (स्वेच्छिक गुणस्तर) :**

गहुँको मैदा र पिठोमा पोषक तत्वहरु (Iron, Vitamin-A, Folic Acid) स्वेच्छिक रुपमा मिश्रण गर्ने सम्बन्धमा Iron (Elemental Form) मा ६०.० मिलीग्राम प्रति किलोग्राम, मिटामीन-ए १.० मिलीग्राम प्रति किलोग्राम र फोलिक एसिड १.५ मिलीग्राम प्रति किलोग्राम गहुँको मैदा वा पिठोमा समिश्रण गर्न सक्ने र सो को विवरण अनिवार्य रुपले सम्बन्धित उद्योगले लेवलमा उल्लेख गर्नु पर्नेछ ।

**०७.२३ कर्न फ्लेक्स (Corn flakes) :**

कर्न फ्लेक्स भन्नाले स्वच्छ, सफा मकैको गेडा (Zea Mays Linn) लाई दलेर (Dehulled), जर्म निकाली (Degermed) चेप्टो (Flaked) गरी सुकाई (Dried) भुटेर (Toasted) तयार गरिएको खाद्य पदार्थलाई सम्झनु पर्छ । यो एकै प्रकार रंगको हुनु पर्दछ । यसमा स्वास्थ्यलाई हानि गर्ने वाह्य पदार्थ, फोहोर, किराहरु नभएको र देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क. जलांश (Moisture)– ७.५ प्रतिशतमा नबढेको

ख. कूल भष्म नून बाहेक– १.० प्रतिशतमा नबढेको (Total Ash Excluding Salt) (सुख्खा तौलको आधारमा)

ग. डाइल्युट हाइड्रोक्लोरीक एसिडमा – ०.१ प्रतिशतमा नबढेको नघुल्ने भष्म (Ash Insoluble in Dilute HCl )

घ. अल्कोहोलिक अम्लता (९०% अल्कोहल) – १०० ग्राम सुख्खा पदार्थमा (Alcoholic Acidity) २.० मिली नर्मल सोडियम हाइड्रोक्साइडको बराबरीमा नबढेको (Shall be equivalent to not morethan 2.0 ml of N NaOH per 100 gm of dried substances) (Shall be equivalent to not

ङ माइकोटक्सिन (अफ्लाटक्सिन समेत)–२० माइक्रोग्राम प्रति (Aflatoxin) किलोग्राममा नबढेको

## ०७.२४ चामल :

"चामल" भन्नाले पूर्ण रुपले विकसित ओराईजा सेटिभा (Oryza Sativa Linn.) जातका धानबाट कुटानी गरी निस्केको सग्लो गेडालाई सम्झनु पर्छ। यो सुख्खा, सफा र सग्लो भई रंगमा एकरुपता भएको, ढुसी, किरा नलागेको, कृत्रिम रंग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा हानिकारक पदार्थ रहित भई देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनु पर्नेछ :–

१ जलांश (Moisture )–१५ प्रतिशतमा नबढेको (तौलको आधारमा)

२ बाह्य पदार्थ (Foreign matter)

(क) फोहर जन्य पदार्थ (Filth)–०.१ प्रतिशतमा नवढेको (तौलको आधारमा)

(ख) जैविक बाह्य पदार्थ

(Organic extraneous matter) – ०.५ प्रतिशतमा नवढेको (तौलको आधारमा)

(ग) अजैविक बाह्य पदार्थ

(Inorganic extraneous matter)– ०.१ प्रतिशतमा नवढेको (तौलको आधारमा)

(घ) कुल वाह्य पदार्थको मात्रा –०.७ प्रतिशतमा तौलको आधारमा नवढेको हुनु पर्नेछ ।

३ तापले क्षति पु-याएको दाना

(Heat-Damaged grains)– ३ प्रतिशतमा नवढेको (तौलको आधारमा)

४ क्षति ग्रस्त दाना

(Damaged grains)– ३ प्रतिशतमा नवढेको (तौलको आधारमा)

५ अविकसित दाना

(Immature kernels) – २ प्रतिशतमा नवढेको (तौलको आधारमा)

३२५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६ | सेतो दाना (Chalky kernels)– | ७प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ७ | रातो चामल (Red kernels)– | ४ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ८ | रातो धर्सा भएको चामल (red streaked kernels)– | ८ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ९ | टुक्रेको चामल (Broken rice) | –२५ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| १० | चिप्स (Chips)– | ०.१ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ११ | धान(Paddy)– | ०.३ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| १२ | दूषित पदार्थहरु (Contaminants) : | |
| | क) माईको टक्सिन ( Mycotoxin)– | २० माईक्रोग्राम प्रति किलोग्राममा नबढेको |
| | ख) यूरिक एसिड (Uric acid)– | १०० मिलि ग्राम प्रति किलोग्राममा नबढेको |
| १३ | हेभी मेटल्स- | हेभी मेटल्सको तोकिएको मात्रा |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चामलको लागि समेत
लागू हुनेछ ।

**द्रष्टब्य :**

(१) संकेत नम्बर ०७.०१ समेतलाई तोकिएको जीवनाशक विषादी अवशेषको म्याक्सिमम रेजिड्यू लिमिट चामलको लागि समेत लागू हुनेछ ।

(२) उत्पादकले लेवलमा दावी गरे वमोजिमको चामल हुनु पर्नेछ ।

**परिभाषा :**

(क) वाह्य पदार्थ (Extraneous Matter) भन्नाले चामल बाहेकका जैविक तथा अजैविक पदार्थहरु सम्भनु पर्छ ।

(ख) फोहरजन्य पदार्थ (Filth) भन्नाले पशुजन्य फोहरहरु तथा मृत किराहरु समेत सम्भनु पर्छ ।

(ग) जैविक वाह्य पदार्थ (Organic Extraneous Matters) भन्नाले अन्य बाह्य दानाहरु (खाद्य/अखाद्य दाना), भुस, चोकर, परालका टुक्रा आदि सम्भनु पर्छ ।

(घ) अजैविक वाह्य पदार्थ (Inorganic Extraneous Matter) भन्नाले ढुंगा, बालुवा, धुलो आदी सम्भनु पर्छ ।

(ङ) तापले क्षति पु-याएको दाना (Heat-Damaged Grains) भन्नाले तापको कारणले स्वभाविक रंग परिवर्तन भई पहेलिएको सग्लो वा टुक्रेको चामललाई सम्भनु पर्छ ।

(च) क्षति ग्रस्त दाना (Damaged Grains) भन्नाले पानी, किरा, रोग वा अन्य कारणले स्पष्ट क्षय भएको देखिने सग्लो वा टुक्रेको चामललाई सम्भनु पर्छ ।



३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।